साबिकका तीन वटा गा.वि.स.हरू (ढुङ्गेसाँघु, साँघु र फाकुम्बा) समायोजन भई मैवाखोला गाउँपालिका नामाकरण भएको हो । यस गाउँपालिकामा जम्मा ६ वटा वडा कार्यालयहरु रहेका छन् । हाल यो स्थानीय सरकार संचालन ऐन, २०७४ बाट व्यवस्थित र संचालित छ । संघ र प्रदेश सरकारससँग यसको सम्बन्ध, सह-अस्तित्व, समन्वय र सहकारिताको सिद्धान्तबाट निर्देशित र व्यवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल १३८ वर्ग किलोमिटर रहेको छ । २०७८ सालको जनगणनाको नतिजा अनुसार यस गाउँपालिकामा २२४९ घर धुरी, पुरुष ५१५३ र महिला ५०६० गरि जम्मा १०२१३ जनसंख्या रहेको छ ।

धार्मिक तथा पर्यटकिय हिसावले पनि अत्यन्तै महत्व बोकेको गाउँपालिका रुपमा यसलाई लिइन्छ । नेपालको लालिगुराँसको राजधानी टि.एम.जे. क्षेत्रको एम.जे. यसै गाउँपालिकाको क्षेत्रमा पर्दछ त्यस्तै सभापोखरी, झ्याउँपोखरी, माङ्गाया झरना, चादनी झरना, मैवाखोला र मेरिङ्देन गाउँपालिकाको सिमानामा पर्ने सिन्धोलुङ झरना, गुराँस पार्क लगायतका थुप्रै रमणिय तथा सांस्कृतिक महत्वका ठाउँहरु मैवाखोला गाउँपालिका अन्तर्गत रहेका छन् ।

## परिच्छेद-२ न्यायिक अधिकार

### २.१ प्रतिवेदनको उद्देश्य

न्यायिक समितिको प्रतिवेदन तयार गर्न देहाय बमोजिम उद्देश्य रहेका छन् ।

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम मैवाखोला गाउँपालिकाको न्यायिक समितिको सचिवालयबाट सम्पादन भएका कार्यहरुको अभिलेखीकृत गर्ने ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३(२) बमोजिम मैवाखोला गाउँपालिकाको न्यायिक समितिको सचिवालयबाट सम्पादन भएका कार्यहरुको वार्षिक विवरण गाउँपालिका अध्यक्ष मार्फत गाउँसभामा पेश गर्ने ।
- समितिबाट सम्पादित कार्यहरुको अभिलेखीकृत प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

### २.२ न्यायिक अधिकार र निर्णय

नेपालको संविधानको भाग ५ धारा ५६(१) मा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन रहको हुनेछ" भन्ने उल्लेख छ । संविधानको धारा ५६ (२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन्" भनी स्पष्ट गरिएको छ । संविधानको धारा २१७ उपधारा (१) मा कानून बमोजिम अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । संविधानको धारा २१७ उपधारा (२) मा न्यायिक समितिमा गाउँसभाबाट आफूमध्येबाट निर्वाचित गरेका सदस्यहरु रहने गरी न्यायिक समितिको गठन विधि स्पष्ट गरेको छ ।

**३.२ न्यायिक समितिको कार्य सम्पादन सम्बन्धीः**

आर्थिक वर्ष २०७९/८० मा विभिन्न मितिमा जम्मा ८ वटा बैठक सम्पन्न भई न्यायिक समितिमा दर्ता भएका उजुरीको अवस्था तपसिल अनुसार रहेको छ।

| सी. नं. | फश्यौट मिति | पक्ष | विपक्ष | विवाद | दर्ता नं. र मिति | फश्यौट किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७९ /७/१० | प्रेम ब. प्रसाई | सुजन लिम्बु | बाली रोक्का | ०१/२० ७९/०४ /०८ | अदालतबाट जग्गा प्राप्ति भई फश्यौट गर्नु नपर्ने | |
| २ | २०७९/ १०/०३ | ङिमा शेर्पा | गोपाल साङ्देन शेर्पा | अनाधिकृत बाटो निर्माण | ०२/२० ७९/०९ /२८ | मिलापत्र | |
| ३ | २०८०/ ०८/१७ | अम्मर बहादुर थोप्रा | चतुर बहादुर लिम्बु | लेनदेन | ०३/२० ७९/११ /२५ | मेलमिलाप हुन नसकेकाले अदालत पठाइएको | |
| ४ | २०८०/ ०१/११ | विकास, दाग्याल्बु, मिङ्गा ग्याल्जेन, पासाङ,विराज र दावा छोक्टु शेर्पा | बोधराज लिम्बु | बाली क्षति | ०४/२० ७९/१२ /२९ | मेलमिलाप हुन नसकेकाले अदालत पठाइएको | |

**३.३ स्थानीय तहमा न्यायिक समितिः अवसर**

- स्थानीय तहमा न्यायिक समिति सम्बन्धी व्यवस्था संविधानले नै निर्दिष्ठ गरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा न्यायिक समितिको अधिकार क्षेत्र र न्यायिक प्रकृयाको व्यवस्था रहेको,
- मैवाखोला गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५,
- मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७८

**३.४ स्थानीय तहमा न्यायिक समितिः चुनौती**

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभाकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहायका चुनौतिहरु रहेका छन्।

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यथेष्ट प्रमाणको मूल्याङ्कन नगरी फैसला हुनसक्ने,
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीपन हुनसक्ने,
- जनतालाई न्यायिक समितिको अधिकार र निरुपणको अधिकारबारे सचेत गराउनु साथै विश्वास दिलाउनु,
- फैसला गर्दा अपानाउनु पर्ने कानूनी सिद्धान्तको पालनामा गर्न,
- पक्ष विपक्षलाई छलफलमा सहभागी गराई मेलमिलाप गराउनु।

### ३.५ सूझाव

न्यायिक समितिको प्रभावकारी संचालन तथा व्यवस्थापन सम्बन्धमा देहायका सुझावहरु पेश गरिएको छ।

- संघीय तथा प्रदेश तहबाट समय समयमा स्थानीय तहका कर्मचारी तथा पदाधिकारीहरुको कानून सम्बन्धी क्षमता विकासका कार्यक्रम संचालन गर्नु पर्ने,
- न्यायीक समितिका सदस्यहरुलाई कानूनी परामर्शको आवश्यक प्रवन्ध गर्नुपर्ने,
- न्यायमा जनताको पहुँच अझ सरल र सहज बनाउन समय समयमा न्यायिक समितिको कार्यसम्पादन तथा सचिवालय, इजलासको अनुगमन तथा पृष्ठपोषण गर्नु पर्दछ,
- मेलमिलाप केन्द्र तथा मेलमिलाप कर्ताको क्षमता विकासका कार्यक्रमको व्यवस्था साथै जिम्मेवार निकायबाट प्रभावकारी अनुगमनको व्यवस्था गर्नु पर्दछ।